**Interdisciplinary Research in Education**
**Volume 6, Issue 1, 2021: 136-152**
**DOI: https://doi.org/10.3126/ire.v6i1.43432**

# शिक्षाशास्त्र सङ्कायतर्फ सेमेस्टर प्रणाली न्यून नतिजा समस्या एक कारण अनेक

**बालकृष्ण अधिकारी**
adhikaribalkrishna34@gmail.com
उपप्राध्यापक
शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर

**लेखसार**

*यो लेख सेमेस्टर प्रणाली र त्यस प्रणालीअन्तर्गत त्रि.वि.को शिक्षाशास्त्र सङ्कायको एम.एड. प्रथम सेमेस्टरको नतिजा विश्लेषणसँग सम्बन्धित छ । यस लेखमा त्रि.वि. शिक्षाशास्त्र सङ्कायको एम.एड. तहको नतिजा कम हुनाका कारणहरूको विश्लेषण गरिएको छ । लेखा तयार गर्ने क्रममा गुणात्मक अनुसन्धान विधिको प्रयोग गरी द्वितीय तथ्याङ्कलाई आधार मानिएको छ । त्रि.वि. शिक्षाशास्त्र सङ्कायअन्तर्गत एम.एड कार्यक्रम सञ्चालन गरेका देशका विभिन्न ९९ वटा क्याम्पसहरूलाई नमुनाको रूपमा छनोट गरी तिनीहरूको नतिजालाई विभिन्न दृष्टिकोणबाट विश्लेषण गरी यो लेख तयार पारिएको छ । प्रवेश परीक्षा नाममात्रको हुनु, सिकाइको निमित्त आँकलन नहुनु, विद्यार्थीहरूको सिकाइप्रतिको जिम्मेवारी कम हुनु जस्ता समस्याहरूले गर्दा नतिजा कम भएको पाइन्छ । यस लेखले शिक्षाशास्त्रले सञ्चालन गरेको सेमेस्टर प्रणालीमा सुधार गर्ने सम्बन्धित सबै सरोकारहरूलाई जस्तै प्राध्यापक, क्याम्पस, प्रशासक सम्बन्धित सङ्कायका डीन तथा विद्यार्थीहरूलाई जिम्मेवार बनाउने छ । स्नातकोत्तर तह (एम.एड) प्रथम वर्षमा शैक्षिक वर्ष २०७६ मा भर्ना भएर अध्ययनरत विद्यार्थीहरूको नतिजा कम हुनुका कारणहरूको पहिचान गरी सुधारका लागि सुझावहरू प्रस्तुत गर्ने यो लेख केन्द्रित छ ।*

**मुख्य शब्दावली :** सेमेस्टर प्रणाली, शिक्षाशास्त्र सङ्काय, आन्तरिक आँकलन, शिक्षणका नवीनतम विधि, विद्यार्थीको नतिजा

## परिचय

त्रिभुव विश्वविद्यालय नेपालको उच्च शिक्षाको इतिहासमा उच्च शिक्षाको धरोहरको रूपमा चिनिन्छ । वि.सं. २०१६ साल आषाढ ११ गते स्वर्गीय राजा त्रिभुवनको ५३ औँ जन्म उत्सवको दिन पारेर त्रिभुवन विश्व विद्यालयको वडापत्र (Royal charater) घोषणा भई विधिवत् रूपमा त्रिभुवन विश्वविद्यालय (त्रि.वि.) को स्थापना भएको हो (शर्मा, २०६९) । आफ्नो स्थापना कालदेखि नै त्रि.वि.ले राष्ट्रिय आवश्यकता र अन्तर्राष्ट्रिय अभ्यासलाई दृष्टिगत गरी विभिन्न शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्दै आएको पाइन्छ ।

नेपालको शैक्षिक इतिहासमा नयाँ शिक्षाको नामले चिनिने राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८-०३२) ले उच्च शिक्षा तहमा परीक्षामा सुधार गर्दै लैजाने सिफारिस गऱ्यो । जसअनुसार उक्त आयोगले त्यस समयमा अपनाइएको वर्षको अन्त्यमा परीक्षा गर्ने प्रथालाई त्यागी ६/६ महीनामा परीक्षा लिने (सेमेस्टर) प्रणाली लागु गर्ने सिफारिस गऱ्यो ।

यसरी राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८-०३२) ले सिफारिस गरेअनुसार २०३० सालदेखि त्रि.वि.मा सेमेस्टर प्रणाली लागु भएको पाइन्छ । सेमेस्टर प्रणाली लागु हुँदाका प्रारम्भिक वर्षहरूमा सेमेस्टर प्रणालीको मर्म र भावनाअनुसार प्रवेश परीक्षा, आन्तरीक परीक्षा र सेमेस्टरको अन्तिमको परीक्षा सञ्चालन भएको पाइन्छ । सेमेस्टर प्रणालीअनुसार पठनपाठन हुँदा र उक्त प्रणालीलाई कडाइका साथ कार्यान्वयनमा ल्याउँदा कतिपय विद्यार्थीहरू प्रवेश परीक्षामा नै अनुर्तीण हुने, कतिपयले आन्तरिक परीक्षा नदिएका कारण सेमेस्टरको अन्तिम परीक्षा दिन नपाउनु जस्ता कारणले सेमेस्टर प्रणालीप्रति विद्यार्थीको आक्रोश बढेर गयो । अर्कोतर्फ सेमेस्टर प्रणाली सुरु भएको चार वर्षमा नै यसको आन्तरीक परीक्षा कमजोर बन्दै जानु र सेमेस्टरको अन्तिममा सञ्चालन हुने परीक्षाहरू अव्यवस्थित हुनु, शिक्षकहरूले सेमेस्टर प्रणाली कार्यान्वयनमा ल्याउनका लागि अन्तरआत्मबाट उत्सकुता नदेखाउनु जस्ता समस्याहरूले सेमेस्टर प्रणालीको प्रभावकारिता र विश्वसनीयताप्रति दिनप्रतिदिन निराशाहरू पैदा हुँदै गए । यस किसिमको निराशाकै बिच वि.सं. २०३६ सालमा भएको विद्यार्थी आन्दोलनको एउट प्रमुख माग सेमेस्टर प्रणाली खारेज गर्नु नै थियो । जसको परिणामस्वरूप २०३७ सालमा सेमेस्टर प्रणाली खारेज गरी वि.सं. २०३८ सालबाट वार्षिक परीक्षा प्रणाली लागु भएको पाइन्छ ।

संसारका विभिन्न विश्वविद्यालय र देशहरूमा १२ महिनाको एक शैक्षिक वर्षलाई ३ महिनाको, ४ महिनाको, ६ महिनाको र एक वर्षको नै पुरै शैक्षिक कार्यक्रमहरू तयार गरी अध्ययन अध्यापन र विद्यार्थीको उपलब्धिको लेखाजोखा गर्ने गरिन्छ । सामान्यतया एक शौक्षिक वर्षलाई बराबरको चार भागमा विभाजन गरिन्छ भने त्यसलाई क्वाडमेस्टर प्रणाली, त्यस्तै एक शैक्षिक वर्षलाई बराबर दुई भागमा विभाजन गरिन्छ भने त्यसलाई सेमेस्टर प्रणाली भनिन्छ । अर्कोतर्फ एक वर्षको शैक्षिक कार्यक्रमलाई खण्डीकृत नगरी एक वर्षको अन्त्यमा परीक्षा लिने र १३ औं महिना लागेपछि अर्को तहमा वा अर्को कक्षामा भर्ना लिने गरिन्छ भने त्यस किसिमको प्रणालीलाई वार्षिक प्रणाली भनिन्छ (पौड्याल, २०७५, पृ. २२) । यसरी हेर्दा हाल विश्वमा क्वाडमेस्टर, ट्राइमेस्टर, सेमेस्टर र वार्षिक गरी चार प्रकारका शैक्षिक कार्यक्रमहरू सञ्चालनमा रहेको पाइन्छ । तर सेमेस्टर र वार्षिक प्रणाली विश्वमा बढी प्रचलित शैक्षिक प्रणाली हुन् । सेमेस्टर (Semester) शब्दको विकास कसरी भयो भन्ने सम्बन्धमा अलि (१९९६, पृ. २५७ लाई उल्लेख गर्दै खनाल (सन् २०१९) भन्दछन्  - अङ्ग्रेजी भाषामा Semester शब्दको नेपाली रूपान्तरण सत्रान्त हो । अङ्ग्रेजी भाषामा Semester ल्याटिन भाषाका दुई शब्दहरू Sex र mensis मिलेर बनेको शब्द हो । जसमा Sex को अर्थ Six र Mensis को अर्थ Month भन्ने हुन्छ । तसर्थ सेमेस्टरको अर्थ "Six Monthly" भन्ने हुन्छ । हाल आएर सेमेस्टर प्रणालीलाई एउटा परीक्षा प्रणालीको रूपमा मात्र नहेरेर यसलाई शिक्षा प्रणालीको रूपमा लिने गरिएको छ । यस प्रणालीले विद्यार्थी केन्द्रित अध्ययनलाई जोड दिन्छ । विद्यार्थीको उपलब्धि वा शैक्षिक प्रगतिलाई निरन्तर रूपमा लेखाजोखा गरी उनीहरूलाई नियमित रूपमा पृष्ठपोषण दिने कार्य गरिन्छ । पौडेल (२०७५) का अनुसार सेमेस्टर प्रणालीका विशेषताहरू निम्न छन् :

- ६ महिनाको एक शैक्षिक सत्र (प्रत्येक ६ महिनामा भर्ना, अध्यापन र परीक्षा सकेर सातौं महिनामा अर्को सेमेस्टर ।
- परीक्षा भएको एक महिनाभित्र परीक्षाफलको नतिजा प्रकाशन ।
- निरन्तर तथा विकेन्द्रित मूल्याङ्कन प्रणाली ।
- ग्रेडको आधारमा विद्यार्थीको मूल्याङ्कन ।
- सहभागितामूलक तथा अन्तरक्रियात्मक शिक्षण विधि ।
- सिकाइमा आधारित पाठ्यक्रम ।
- विद्यार्थीको नियमित उपस्थिति ।
- कक्षा शिक्षकलाई सम्पूर्ण अधिकार ।

यी माथि उल्लेख गरिएका विभिन्न विशेषताहरूलाई आधार बनाएर त्रि.वि.को घट्दो शाखलाई जोगाई यसलाई अन्तर्राष्ट्रिय स्तरको विश्वविद्यालयका रूपमा स्थापित गर्न र विद्यार्थीको सिकाइमा गुणात्मक तथा परिमाणात्मक परिवर्तन ल्याउन छिमेकी र अन्य मुलुकका विश्वविद्यालयमा समेत सेमेस्टर प्रणाली लागु भएको अवस्थालाई दृष्टिगत गरी, त्रि.वि.को शैक्षिक गुणस्तरमा सुधार ल्याउने र यसलाई शैक्षिक उत्कृष्टताको केन्द्रको रूपमा विकास गर्ने उद्देश्यले वि.सं. २०७०/९/२ मा त्रि.वि. कार्यकारी परिषद्ले निर्णय गरेर सेमेस्टर प्रणालीको कार्यविधि पारित गरेको पाइन्छ (अधिकारी, २०७१) । २०७१ सालबाट विश्वविद्यालय क्याम्पस कीर्तिपुरबाट सुरु भएको सेमेस्टर प्रणाली हाल त्रि.वि.का ४ वटा संकायहरू र ५ वटा अध्ययन संस्थानहरू (चिकित्साशास्त्र, विज्ञान तथा प्रविधि, इन्जिनियरिङ, कृषि तथा पशुविज्ञान, वनविज्ञान) को स्नातकोत्तर तहमा लागु भएको छ । विश्वविद्यालय क्याम्पसको केन्द्रीय विभागहरूबाट सुरु भएको सेमेस्टर प्रणाली हाल देशभरिका आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरूमा कार्यान्वयनमा छ ।

## विषय प्रवेश

यसभन्दा अगाडि त्रि.वि. स्थापनादेखि हालसम्म यसको गुणस्तर सुधार गर्नेका लागि विभिन्न कालखण्डमा सेमेस्टर प्रणालीको कार्यान्वयनको अवस्था प्रस्तुत गरियो । अब यो लेख शिक्षाशास्त्र सङ्कायको नतिजासँग मात्र सम्बन्धित हुने छ । वि.सं. २०१३ साल भाद्र २४ गते (September 9) स्थापना भएको कलेज अफ एजुकेसनको स्थापनासँगै सुरु भएको हालको शिक्षाशास्त्र सङ्कायले देशको शिक्षा क्षेत्रमा संलग्न जनशक्ति (विद्यालय तथा विश्वविद्यालय तहमा अध्यापन गराउने शिक्षक, शैक्षिक प्रशासक, निरीक्षक) उत्पादन गर्दै आएको पाइन्छ । शिक्षाशास्त्रको इतिहास त्रि.वि. को इतिहासभन्दा जेठो छ तर हाल आएर शिक्षाशास्त्र सङ्कायको शाख त्रि.वि.का अन्य सङ्काय र अध्ययन संस्थानहरूको तुलनामा कमजोर भएको हो कि भन्ने आभास भई नै रहेको अवस्थामा, एक दिन शिक्षाशास्त्र केन्द्रीय विभागमा कक्षा लिन जाने क्रममा रिकास्टबाट अगाडि बढेर विभाग नजिक पुग्दै थिएँ । मेरो अगाडि हिँडिरहेका दुई जना केटी र एक जना केटामध्ये एक जना केटीले शिक्षाशास्त्र केन्द्रीय विभागलाई संकेत गर्दै यो कुन विभाग रहेछ भनेर आफ्नो साथीलाई प्रश्न गरिन्, उनीहरूमध्ये केटा साथीले जवाफ दिए यो डी डिपार्ट हो । अर्की केटीले प्रश्न गरिन् डी डिपार्टको मतलब ? फेरि केटाले सहजरूपमा जवाफ दिए एस.इ.इ मा डी ग्रेड आउनेहरूले पढ्ने डिपाटमेन्ट । मैले उनीहरूको बारेमा बुझ्ने प्रयास गरेँ । थाहा लाग्यो उनीहरू भौतिकशास्त्र केन्द्रीय विभागमा अध्ययन गर्ने विद्यार्थीहरू रहेछन् । त्यसै समयदेखि मलाई शिक्षाशास्त्र संकायको बारेमा खोज गर्न मन लागेको थियो । त्यसै क्रममा शैक्षिक वर्ष २०७६६ मा एम.एड् प्रथम सेमेस्टरमा भर्ना भएर हाल दोस्रो सेमेस्टरको अध्ययन

पुरा गरेर परीक्षाको तयारीमा रहेका विद्यार्थीहरूको प्रथम सेमेस्टरको नतिजा २०७७/०४ मा प्रकाशनमा आएपछि देशभरिका शिक्षाशास्त्र सङ्कायमा अध्ययन गरिरहेका विद्यार्थीहरूलाई निराश बनाएको अवस्था छ किनकि धेरै विद्यार्थीहरू परीक्षामा अनुर्तीण भए भने उर्त्तीर्ण भएका विद्यार्थीहरूको ग्रेड पनि धेरैको बि ग्रेडभन्दा कम भएको तथ्य प्राप्त भएबाट किन त्यस किसिमको अवस्था देखा पर्‍यो भनेर उत्सुकता साथ यस अध्ययनलाई अगाडि बढाइएको हुँ । शिक्षाशास्त्र सङ्काय डीनको कार्यालय परीक्षा महाशाखाबाट प्राप्त विवरणअनुसार एम.एड. प्रथम सेमेस्टरको परीक्षामा संलग्न परीक्षार्थीहरूको विवरण निम्नअनुसार छ :

**तालिका :** १ एम. एड् प्रथम सेमेस्टरको परीक्षामा संलग्न विद्यार्थी विवरण (शै.व. २०७६)

| | |
|---|---|
| परीक्षामा सहभागी कुल विद्यार्थी सङ्ख्या | : ३,८८८ जना |
| सहभागी विद्यार्थीहरूमध्ये उर्त्तीर्ण विद्यार्थी सङ्ख्या | : २९३ |
| उत्तीर्ण प्रतिशत | : ७.५३ प्रतिशत |

हाल त्रिविका आङ्गिक क्याम्पसको रूपमा शिक्षाशास्त्र सङ्कायमा एम. एड् कार्यक्रम सञ्चालन गर्ने क्याम्पसको सङ्ख्या २० रहेछ भने अन्य ७९ वटा त्रि.वि. बाट सम्बन्धन लिइ सामुदायिक क्याम्पसको रूपमा सञ्चालन भएका क्याम्पसहरूले एम.एड् कार्यक्रम सञ्चालन गरेका रहेछन् । जम्मा ९९ वटा क्याम्पसका ३८८८ जना विद्यार्थी एम.एड प्रथम वर्षको परीक्षामा संलग्न भएको पाइन्छ । कुल विद्यार्थी सङ्ख्यामध्ये २९३ जना मात्र परीक्षामा उत्तीर्ण भएको तथ्याङ्कबाट देखिन्छ । विद्यार्थीको उत्तीर्ण प्रतिशत ७.५३ हुन आउँछ । उच्च शिक्षामा सतप्रतिशत विद्यार्थी उत्तीर्ण हुँदैनन् । विद्यार्थीको उत्तीर्ण प्रतिशत पिरामिडको रूपमा आधारभूत तहमा भन्दा माध्यमिक शिक्षामा कम र माध्यमिक शिक्षामा भन्दा उच्च शिक्षामा झन् कम हुँदै जान्छ (म्याक मिलन, सन् २०१३) । अन्तर्राष्ट्रिय स्तरमा भएका अनुसन्धानले देखाएको नतिजा एकातर्फ हुँदाहुँदै पनि सेमेस्टर प्रणालीको जुन लक्ष्य हो त्यसअनुसार एम.एड् तहको यो उत्तीर्ण प्रतिशत न्यून हो । सेमेस्टर प्रणालीअन्तर्गत अध्ययनमा विद्यार्थीको नियमित उपस्थिति हुने, विद्यार्थीमैत्री सिकाइ वातावरण, अन्तरक्रियात्मक र अनुसन्धानमुखी शिक्षण सिकाइ सञ्चालन गरिन्छ भन्ने मान्यता छ । यस शैक्षिक प्रणालीमा विद्यार्थीहरू विना तनाव, निरन्तर रूपमा सिकाइको नै क्रममा हुन्छन् । यस दृष्टिकोणबाट हेर्दा सेमेस्टर प्रणाली दार्शनिक रूपमा प्रसिद्ध दर्शनिक जोन डिबेको सिकाइको प्रगतिवादी दर्शनसँग सम्बन्धित छ । यस प्रणालीले विद्यार्थीहरूलाई गरेर सिक्ने (Learning by doing) को अवसर दिएको छ । अर्कोतर्फ विद्यार्थीहरूले सहयोगात्मक तथा समन्वयात्मक वातावरणमा टि, पि. एस, (Think ,Pear and Share) विधिको प्रयोग गरी सिक्ने अवसर प्राप्त गर्दछन् । तर प्रश्न उठ्दछ हाम्रो शिक्षण विधि र शैक्षिक कार्यक्रमबाट परम्परागत शिक्षण विधिबाट मुक्त हुन सकेका छन् । विद्यालय तहदेखि विश्वविद्यालय तहसम्म शिक्षण गर्ने शिक्षकहरूको शिक्षण विधिमा रूपान्तरण आएको छ त ? के कारणले एम.एड् प्रथम वर्षको उत्तीर्ण प्रतिशत न्यून रह्यो । यी र यस्तै प्रश्नहरूको उत्तर खोज्नमा यो अध्ययन केन्द्रित छ ।

## अध्ययनको उद्देश्य

एम. एड. प्रथम सेमेस्टरमा अध्ययन गर्ने विद्यार्थीहरूको उत्तीर्ण न्यून समस्या एक कारण अनेक शीर्षकमा गरिएको यो अध्ययनको मुख्य उद्देश्य पनि सेमेस्टर प्रणालीको नतिजा पनि वार्षिक प्रणालीको जस्तै न्यून

हुनको पछाडि के कारण छ, किन त्यस्तो भएको छ पहिचान गर्नु नै रहेको थियो । यो उद्देश्य पुरा गर्नका लागि निम्न अनुसन्धानका प्रश्नहरू राखिएका थिए ।

## अनुसन्धान प्रश्नहरू

- विद्यार्थीको उत्तीण प्रतिशत न्यून हुनाको कारण पहिचान गर्नु,
- उच्च शिक्षामा (विशेषगरी नेपाली परिवेशमा) अध्ययनका समस्याहरू पहिचान गर्नु,
- शिक्षा प्रणालीका तिन पक्षहरू लगानी, प्रक्रिया र उत्पादन साथै विद्यार्थीको उर्त्तीर्ण प्रतिशतबिचको सम्बन्ध पत्ता लगाउनु ।

## अध्ययन विधि

यो अध्ययन गुणात्मक अध्ययनको विधिअन्तर्गत द्वितीय तथ्याङ्कलाई आधार मानेर गरिएको छ। अध्ययनको क्रममा शिक्षाशास्त्र सङ्कायअन्तर्गत एम.एड. कार्यक्रम सञ्चालन गरेका विभिन्न ९९ वटा क्याम्पसको नतिजालाई आधार मानिएको छ। शिक्षाशास्त्र डीनको कार्यालय, परीक्षा महाशाखाबाट प्राप्त एम. एड् प्रथम वर्षको नतिजा विवरण (data) लाई आधार मानेर यो अध्ययन पुरा गरिएको छ । तसर्थ द्वितीय तथ्याङ्कको प्रयोग गरी नतिजालाई विकासात्मक मनोविज्ञानको दृष्टिकोण, महिलावादी दृष्टिकोण, सिकाइका लागि आँकलनको दृष्टिकोण र सम्वृद्ध पक्षको उत्तरदायित्वको दृष्टिकोणबाट विश्लेषण गरिएको छ । शिक्षाशास्त्रीय दृष्टिकोणबाट, समाजशास्त्रीय दृष्टिकोणबाट शिक्षा प्रणालीका तिनवटा महत्त्वपूर्ण पक्षहरू लगानी, प्रक्रिया र उत्पादनसँग सम्बन्धित गरेर विश्लेषण गरिएको छ । यो अध्ययनले परीक्षाको सङ्ख्यात्मक विवरणलाई व्याख्यात्मक रूपमा प्रस्तुत गरेको छ । यो लेखले रूपान्तरणकारी अनुसन्धान विधि (Transformative Research Method) अन्तर्गत स्वप्रतिविम्बन वा स्वः अनुभवलाई आधार बनाएको छ ।

## तथ्याङ्कको प्रस्तुति

त्रि.वि. को सेमेस्टर प्रणालीअन्तर्गत चार सेमेस्टरको एम.एड. कार्यक्रम सञ्चालनमा रहेको छ । प्रथम सेमेस्टरमा १८ क्रेडिटको ६ वटा विषयहरू पठनपाठन हुने गर्दछन् । उक्त ६ वटा विषयहरूमध्ये दुई विषयहरू पेशागत सिपसँग सम्बन्धित अनिवार्य विषयहरू (शिक्षाका आधारहरू र शैक्षिक मनोविज्ञान) र अन्य ४ वटा विषयहरू विशिष्टीकरणका विषयहरू विद्यार्थीहरूले अध्ययन गर्नुपर्दछ ।

एम.एड् तहमा भर्ना भएर अध्ययन पुरा गर्ने विद्यार्थीले २१ क्रेडिटको अनिवार्य विषयहरू (जसलाई पेशागत विषय पनि भनिन्छ) र ३९ क्रेडिटको विशिष्टीकरणका विषयहरू अध्ययन गर्नुपर्दछ। तिन क्रेडिटको अभ्यास शिक्षण र ६ क्रेडिटको शोधपत्र लेखन सबैका लागि अनिवार्य छ। त्यसैगरी अनिवार्य विषयहरू शिक्षाशास्त्र सङ्कायमा भर्ना भएका सबै विद्यार्थीहरूले अनिवार्य रूपमा अध्ययन गर्नुपर्दछ । मूल्याङ्कन प्रणालीलाई पनि आन्तरिक र बाह्य गरी दुई भागमा छुट्याइएको छ ।

हाल शिक्षाशास्त्र सङ्कायअन्तर्गत विभिन्न विषयहरूमा विशिष्टीकरण गर्न पाउने व्यवस्था छ । त्यस्ता विशिष्टीकरणका विषयहरूमा क्रमशः नेपाली शिक्षा, अङ्ग्रेजी शिक्षा, गणित शिक्षा, अर्थशास्त्र शिक्षा, भूगोल शिक्षा, विज्ञान शिक्षा (रसायनशास्त्र शिक्षा, भौतिकशास्त्र शिक्षा र जीवशास्त्र शिक्षा वा जीवविज्ञान शिक्षा) विशेष आवश्यकता शिक्षा, सूचना तथा सञ्चार प्रविधि (ICT) शिक्षा, पाठ्यक्रम तथा मूल्याङ्कन

र शैक्षिक योजना तथा व्यवस्थापन (EPM) जस्ता विषयहरूमा विशिष्टीकरण गर्न पाउने व्यवस्था रहेको छ। पाठ्यक्रम तथा मूल्याङ्कन र शैक्षिक योजना तथा व्यवस्थापन विषयमा शिक्षाशास्त्र सङ्कायबाट कुनै पनि विषयमा वी. एड् गरेको वा अन्य सङ्कायबाट स्नातक गरी एक वर्षे वी. एड् गरेर आएका विद्यार्थीले यी विषयमा भर्ना हुन पाउने व्यवस्था छ। अन्य विषयका हकमा सम्बन्धित विषयमा बी. एड. गरेको हुनु पर्ने प्रावधान रहेकोमा राजनीतिशास्त्र शिक्षा र भूगोल शिक्षा विषयमा पनि जुन सुकै विषयको बी. एड् ले भर्ना हुन पाउने व्यवस्था राखिएको छ।

एम.एड् कार्यक्रम सञ्चालन गर्ने ९९ वटा क्याम्पसहरूमध्ये कुन कुन क्याम्पसले कुन कुन विषयमा कार्यक्रम सञ्चालन गर्ने अनुमति पाएका थिए र कुन विषयमा कति जना विद्यार्थीले परीक्षा दिए र परीक्षा दिने विद्यार्थीहरूमध्ये धेरै विद्यार्थी अनुतीर्ण हुने विषय कुन कुन हुन् भनी विषयगत रूपमा नतिजाको विश्लेषण गर्न यस लेखमा सकिएको छैन। यो पक्ष यस लेखको सीमितता हो। तर प्रदेशअनुसार त्रि.वि.का आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पस परीक्षामा संलग्न हुने विद्यार्थीको सङ्ख्या र उत्तीर्ण प्रतिशत निम्नअनुसार तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. १ : प्रदेशअनुसार शिक्षाशास्त्र सङ्कायको एम.एड् कार्यक्रम सञ्चालन गर्ने क्याम्पस र विद्यार्थी विवरण**

| | | | | | जम्मा |
|---|---|---|---|---|---|
| प्रदेश नं. १ | आङ्गिक क्याम्पसको सङ्ख्या | ४ | सम्बन्धन प्राप्त क्याम्पसको सङ्ख्या | १५ | १९ |
| | परीक्षामा सहभागी विद्यार्थी सङ्ख्या | १११ | परीक्षामा सहभागी विद्यार्थी सङ्ख्या | ४७५ | ५८६ |
| | उत्तीर्ण विद्यार्थी सङ्ख्या | ७ | उत्तीर्ण विद्यार्थी सङ्ख्या | ३९ | ४६ |
| | उत्तीर्ण प्रतिशत | ६.३१ | | | ७.८४ |
| प्रदेश नं. २ | आङ्गिक क्याम्पसको सङ्ख्या | ४ | सम्बन्धन प्राप्त क्याम्पसको सङ्ख्या | १० | १४ |
| | परीक्षामा सहभागी विद्यार्थी सङ्ख्या | ३५३ | परीक्षामा सहभागी विद्यार्थी सङ्ख्या | २९८ | ६५१ |
| | उत्तीर्ण विद्यार्थी सङ्ख्या | ४ | उत्तीर्ण विद्यार्थी सङ्ख्या | ३५ | ३९ |
| | उत्तीर्ण प्रतिशत | १.१२ | | | |
| बागमति प्रदेश | आङ्गिक क्याम्पसको सङ्ख्या | ३ | सम्बन्धन प्राप्त क्याम्पसको सङ्ख्या | २३ | २६ |
| | परीक्षामा सहभागि विद्यार्थी सङ्ख्या | ५८८ | परीक्षामा सहभागी विद्यार्थी सङ्या | ५५३ | ११४१ |
| | उत्तीर्ण विद्यार्थी सङ्ख्या | ७९ | उत्तीर्ण विद्यार्थी सङ्ख्या | ५९ | १३८ |
| | उत्तीर्ण प्रतिशत | १३.४४ | | | |
| गण्डकी प्रदेश | आङ्गिक क्याम्पसको सङ्ख्या | ३ | सम्बन्धन प्राप्त क्याम्पसको सङ्ख्या | ३ | ६ |
| | परीक्षामा सहभागी विद्यार्थी सङ्ख्या | १५३ | परीक्षामा सहभागी विद्यार्थी सङ्ख्या | ४८ | २०१ |
| | उत्तीर्ण विद्यार्थी सङ्ख्या | १४ | उत्तीर्ण विद्यार्थी सङ्ख्या | ४ | १८ |
| | उत्तीर्ण प्रतिशत | ९.१ | उत्तीर्ण प्रतिशत | ८.३३ | |

| | | | | | |
|---|---|---|---|---|---|
| लुम्बिनी प्रदेश | आङ्गिक क्याम्पसको सङ्ख्या<br>परीक्षामा सहभागी विद्यार्थी सङ्ख्या<br>उत्तीर्ण विद्यार्थी सङ्ख्या<br>उत्तीर्ण प्रतिशत | ४<br>२१८<br>११<br>५.०५ | सम्बन्धन प्राप्त क्याम्पसको सङ्ख्या<br>परीक्षामा सहभागी विद्यार्थी सङ्ख्या<br>उत्तीर्ण विद्यार्थी सङ्ख्या | ६१४<br>२१६<br>१३ | १८<br>४३४<br>२४ |
| कर्णाली प्रदेश | आङ्गिक क्याम्पसको सङ्ख्या<br>परीक्षामा सहभागी विद्यार्थी सङ्ख्या<br>उत्तीर्ण विद्यार्थी सङ्ख्या<br>उत्तीर्ण प्रतिशत | २<br>१२०<br>५<br>४.१७ | सम्बन्धन प्राप्त क्याम्पसको सङ्ख्या<br>परीक्षामा सहभागी विद्यार्थी सङ्ख्या<br>उत्तीर्ण विद्यार्थी सङ्ख्या | ५<br>३५२<br>९ | ७<br>४७२<br>१३ |
| सुदूर पश्चिम प्रदेश | आङ्गिक क्याम्पसको सङ्ख्या<br>परीक्षामा सहभागी विद्यार्थी सङ्ख्या<br>उत्तीर्ण विद्यार्थी सङ्ख्या<br>उत्तीर्ण प्रतिशत | २<br>-<br>-<br>- | सम्बन्धन प्राप्त क्याम्पसको सङ्ख्या<br>परीक्षामा सहभागी विद्यार्थी सङ्ख्या<br>उत्तीर्ण विद्यार्थी सङ्ख्या<br>उत्तीर्ण प्रतिशत | ९<br>४०३<br>१४<br>३.४८ | ११<br>४०३<br>१४ |

*स्रोतः शिक्षा शास्त्र डीनको कार्यलय (प्राप्त मिति २०७७/०५/१२)*

माथिको तालिकामा प्रस्तुत गरिएको विवरण विद्यार्थीहरूले सेमेस्टरको अन्तिममा दिएको परीक्षासँग सम्बन्धित छ । शिक्षाशास्त्र संकायको कार्यक्रम सञ्चालन गर्ने त्रि.वि.का कुल २६ वटा आङ्गिक क्याम्पसहरूमध्ये २० वटा क्याम्पसहरूमा एम.एड तहमा विद्यार्थीहरू भर्ना भई परीक्षामा संलग्न भएको देखिन्छ । तेह्रथुम बहुमुखी क्याम्पस तेह्रथुम, वीरेन्द्र क्याम्पस भरतपुर, महेन्द्र क्याम्पस दाङ र डोटी बहुमुखी क्याम्पस डोटीले चार वर्षे बी.एड कार्यक्रम मात्र सञ्चालन गर्ने अनुमति पाएको साथै महेन्द्र मोरङ बहुमुखी क्याम्पस विराटनर र डडेलधुरा शिक्षा क्याम्पस डडेलधुराबाट यो परीक्षामा विद्यार्थी सहभागी भएको पाइएन ।

आङ्गिक क्याम्पसहरूमध्ये १ नं. प्रदेशमा ६ वटा क्याम्पसले शिक्षाशास्त्रको कार्यक्रम सञ्चालन गरेको पाइन्छ । तिनीहरूमध्ये ४ वटा क्याम्पसहरूबाट एम.एड्को परीक्षामा विद्यार्थीहरू सहभागी भएका र त्यसमध्ये एउटा क्याम्पसको नतिजा शून्य रहेको पाइन्छ । त्यसैगरी प्रदेश दुईमा रहेको शिक्षाशास्त्र सङ्कायको कार्यक्रम सञ्चालन गर्ने ४ वटा आङ्गिक क्याम्पसमध्ये एम.एड्को परीक्षामा विद्यार्थीहरू सहभागी गराउने दुईवटा क्याम्पसको नतिजा शून्य रहेको छ । एम.एड् प्रथम सेमेस्टरको परीक्षामा सहभागी विद्यार्थीहरूमध्ये कुनै पनि विद्यार्थी परीक्षामा उत्तीर्ण हुन नसक्ने क्याम्पस लुम्बिनी प्रदेशमा पनि एउटा रहेको छ । अन्य आङ्गिक क्याम्पसहरू शून्य नतिजा हुनबाट जोगिएका छन् । कुल ३८८८ जना विद्यार्थीहरूमध्ये आङ्गिक क्यापसमा भर्ना भई परीक्षामा संलग्न हुने विद्यार्थीको सङ्ख्या १,५४३ रहेको पाइन्छ । आङ्गिक क्याम्पसबाट परीक्षामा सहभागी विद्यार्थीहरूमध्ये १२० जना मात्र एम.एड् प्रथम वर्षको परीक्षामा उत्तीर्ण भएका छन्, जुन ७.७७ प्रतिशत हुन आउँछ ।

अर्कोतर्फ देशका विभिन्न भूभागमा रहेका ७९ वटा त्रि.वि.बाट सम्बन्धन प्राप्त क्याम्पसले एम.एड् कार्यक्रम सञ्चालन गरेको र ती क्याम्पसहरूबाट कुल २३४५ विद्यार्थीहरू एम.एड् प्रथम सेमेस्टरको परीक्षामा संलग्न भएको पाइन्छ । तिनीहरूमध्ये १७३ जना प्रथम सेमेस्टरको परीक्षामा उर्त्तीर्ण भएका छन् । सम्बन्धन प्राप्त

क्याम्पसबाट परीक्षामा उत्तीर्ण हुनेको प्रतिशत ७.३७ प्रतिशत हुन आउँछ। प्रदेश नं. १ बाट एम.एड् प्रथम सेमेस्टरको परीक्षामा विद्यार्थी सहभागी गराउने कुल १५ वटा सम्बन्धन प्राप्त क्याम्पसहरूमध्ये ५ वटा क्याम्पसको नतिजा शून्य रहेको छ भने १२ जना विद्यार्थी परीक्षामा संलग्न भएका मध्ये ५ जना उत्तीर्ण (४१.६७५) गराउन सफल दिक्तेल क्याम्पस दिक्तेल खोटाङ यो परीक्षाको नतिजाका दृष्टिकोणले धेरै विद्यार्थी उत्तीर्ण गराउन सफल क्याम्पसको रूपमा देखिन्छ। प्रदेश १ मा अवस्थित जम्मा १५ वटा सम्बन्धन प्राप्त क्याम्पसका कुल ४७५ जना विद्यार्थीमध्ये ३९ जना विद्यार्थीहरू मात्र परीक्षामा उत्तीर्ण भएका छन्।

त्यसैगरी प्रदेश नं. २ का विभिन्न १० वटा सम्बन्धन प्राप्त क्याम्पसहरूबाट कुल २९८ जना विद्यार्थीहरू एम.एड. प्रथम सेमेस्टरको परीक्षामा संलग्न भएकामा ३५ जना विद्यार्थीहरू उत्तीर्ण भएको पाइन्छ जुन ११.७५% हुन्छ। प्रदेश २ का १० वटा सम्बन्धन प्राप्त क्याम्पसमध्ये ५ वटा क्याम्पसको नतिजा शून्य रहेको छ। बागमती प्रदेशका विभिन्न २३ वटा सम्बन्धन प्राप्त क्याम्पसहरूबाट कुल ५५३ जना परीक्षार्थीहरू एम. एड. प्रथम सेमेस्टरको परीक्षामा संलग्न भएकामा ५९ जना परीक्षार्थीहरू मात्र उत्तीर्ण भएको देखिन्छ जुन १०.६७ % हुन आउँछ। यस प्रदेशका पनि ५ वटा क्याम्पसको नतिजा शून्य रहेको छ। गण्डकी प्रदेशमा त्रि.विबाट सम्बन्धन प्राप्त गरी यस वर्ष एम.एड प्रथम सेमेस्टरको परीक्षामा विद्यार्थीहरू सहभागी गराउने क्याम्पसको सङ्ख्या ३ वटा रहेको र जम्मा ४८ जना विद्यार्थी परीक्षामा सहभागी भएकोमा ४ जना विद्यार्थीहरू मात्र उत्तीर्ण भएका छन् जुन ८.३४% हुन आउँछ। यस प्रदेशका ३ वटा सम्बन्धन प्राप्त क्याम्पसहरू मध्ये २ वटाको नतिजा शून्य रहेको छ।

त्यसैगरी लुम्बिनी प्रदेशअन्तर्गत विभिन्न जिल्ला जम्मा १४ वटा क्याम्पसहरूका २१६ विद्यार्थीहरू एम.एड् प्रथम वर्षको परीक्षामा सहभागी भएकामा १३ जना विद्यार्थीहरू उत्तीर्ण हुन सफल भएको तथ्याङ्कले देखाउँछ। प्रतिशतमा यस प्रदेशका सम्बन्धन प्राप्त क्याम्पसहरूको समग्रमा उत्तीर्ण प्रतिशत ६.०२% हुन्छ। यस प्रदेशमा पनि १४ बाट सम्बन्धन प्राप्त क्याम्पसमध्ये ६ वटा क्याम्पसको नतिजा शून्य छ। विभिन्न जिल्लामा अवस्थित ५ वटा सम्बन्धन प्राप्त क्याम्पसका २५६ विद्यार्थीहरू एम.एड् सेमेस्टरको परीक्षामा संलग्न भई तीमध्ये ९ जना उत्तीर्ण भएको अवस्था छ कर्णाली प्रदेशको। यस प्रदेशका सम्बन्धन प्राप्त क्याम्पसको उत्तीर्ण प्रतिशत ३.५२ देखिन्छ भने कुल ५ वटा क्याम्पसमध्ये दुईवटाको नतिजा शून्य देखिन्छ। त्यसैगरी सुदूर पश्चिम प्रदेशका ९ वटा सम्बन्धन प्राप्त क्याम्पसका जम्मा ४०३ जना विद्यार्थीहरू एम.एडको परीक्षामा संलग्न भएकोमा १४ जना मात्र उत्तीर्ण हुन सकेका छन्। यस प्रदेशका सम्बन्धन प्राप्त क्याम्पसको उत्तीर्ण प्रतिशत ३.४८ हुन आउँछ। यस प्रदेशका पनि ४ वटा सम्बन्धन प्राप्त क्याम्पसको नतिजा शून्य रहेको छ।

यसरी तथ्याङ्कको प्रस्तुत गरिरहँदा आङ्गिक क्याम्पसतर्फ महेन्द्ररत्न क्याम्पस इलामबाट यस वर्षको परीक्षामा ६ जना परीक्षार्थीमध्ये १ जना र जुम्ला बहुमुखी क्याम्पसबाट २३ जना मध्ये १ जना परीक्षार्थी मात्र उत्तीर्ण हुन सफल भएको पाइन्छ। अर्कोतर्फ कुल ७९ बटा सम्बन्धन प्राप्त क्याम्पसमध्ये १४ वटा क्याम्पसको नतिजा १ जना परीक्षार्थीमात्र उत्तीर्ण भएको तथ्याङ्कले देखाउँछ। यसैगरी ३५ वटा क्याम्पसको नतिजा शून्य (nil) देखिन्छ। शून्य नतिजा हुनेमध्ये विश्वविद्यालय अनुदान आयोगको प्रतिवेदनअनुसार ४ वटा क्याम्पसहरू QAA (Quality Assurance Accrediation) मान्यता प्राप्त क्याम्पसहरू हुन्। कस्तो नतिजा भएको क्याम्पसलाई वा विभागलाई QAA मान्यता दिने हो, त्यो पनि सोचनीय विषय बनेको छ।

विद्यार्थीको नतिजाको भौगोलिक तथा प्रदेशिक विवरण प्रस्तुत गर्दा कापीमा कलमले लेखेर सञ्चालन गरिने परीक्षा (Paper pencil test) को कतिपय दुर्बल पक्षका बारेमा पनि प्रश्नहरू उठ्नु स्वाभाविक हो । तर यही परीक्षणको साधन प्रयोग गरी विद्यार्थी मूल्याङ्कन गर्दा अपेक्षा गरिएअनुसार विद्यार्थीको उपलब्धि प्राप्त हुन सकेन । हुन त सेमेस्टर प्रणालीमा न्यूनतम यति नै प्रतिशत विद्यार्थी उत्तीर्ण हुनुपर्दछ भन्ने आधार त छैन तर पनि सेमेस्टर प्रणाली समग्रमा १०% भन्दा कम विद्यार्थी उत्तीर्ण हुनु ज्यादै निराशाजनक नतिजा हो ।

## तथ्याङ्कको विश्लेषण

एम.एड्. तहमा अध्ययन गर्ने विद्यार्थीको नतिजालाई विभिन्न दृष्टिकोणबाट विश्लेषण गर्न सकिन्छ । यस लेखमा मनोवैज्ञानिक, सामाजिक, सांस्कृतिक, भौगोलिक, शैक्षिक, प्रशासनिक दृष्टिकोणबाट नतिजालाई विश्लेषण गर्ने प्रयास गरिएको छ ।

**विकासात्मक मनोविज्ञान र नतिजा :** स्नातकोत्तर तहमा अध्ययन गर्ने विद्यार्थीहरू सामान्यतया २१/२२ वर्षका हुने गर्दछन् । विकासात्मक मनोविज्ञानका दृष्टिकोणले हेर्दा १८ वर्ष देखि ४० वर्षसम्मको अवधिलाई प्रारम्भिक वयस्कावस्था भनिन्छ । मनोवैज्ञानिक हर्लक (सन् २००६) का अनुसार मानव जीवनको १८ देखि ४० वर्षको अवधि भनेको जीवनको नयाँ ढाँचासँग समायोजन हुने अवस्था हो । आमाबुवाको संरक्षणमा रहेको व्यक्तिले घर परिवार गरेर, पेश व्यवसाय छनोट गरेर बाबु आमा बनेर भूमिका खेल्नु पर्ने हुन्छ । भावी जीवन सञ्चालनका लागि पेशा र व्यवसायमा संलग्न हुनुपर्दछ त्यसकारण यस अवस्थाका विद्यार्थीहरूले आफ्नो अध्ययनप्रति राम्रोसँग ध्यान दिन सक्दैनन् र अपेक्षा गरेअनुसारको उपलब्धि प्राप्त गर्न सकिँदैन । कुनै एउटा पेशा सुरु गर्नु, जीवन साथी छान्नु, ऊसँग बस्न सुरु गर्नु, पारिवारक जीवन सुरु गर्नु, बच्चाबच्ची हुर्काउनु र घर परिवारलाई व्यवस्थित गर्नु पर्ने भएबाट पनि एम.एड तहमा अध्ययन गर्ने विद्यार्थीहरूको उत्तीर्ण प्रतिशत कम हुनु गएको हो । विगत एक दशकको मेरो शिक्षण अनुभवले पनि त्यही देखाउँछ । एम्.एड प्रथम वर्षमा वा प्रथम सेमेस्टरमा भर्ना हुन आउने विद्यार्थी दोस्रो सेमेस्टरमा पुग्दा आमा बा बाबु बनेको पाइन्छ । उनीहरूको ध्यान अध्ययनमा भन्दा बढी पारिवारिक जीवनको व्यवस्थापनतर्फ केन्द्रित हुन्छ । उच्च शिक्षा आर्जन गर्नु कसैको लागि आवश्यकता हुन्छ भने कसैका लागि समय बिताउने माध्यम । एम.एड् दोस्रो वर्ष अध्ययन गर्दै गरेको एक जना विद्यार्थीलाई तपाईं किन अध्ययन गर्न आउनुभएको भनी मैले प्रश्न गर्दा उनको उत्तर थियो - *"छोरा छोरी स्कुल गए, बुढा अफिस गए, दिनभरि कोठामा के गरिबस्नु, भए भइहालिन्छ पास नभए टाइम पास"* । यस्तै धारणा भएका केही विद्यार्थीहरू एम.एड् तहमा भर्ना हुने र अध्ययन वा ज्ञान आर्जन गर्नुभन्दा पनि क्याम्पसलाई समय बिताउने थलोको रूपमा लिने गरेका पाइन्छ । तर यस किसिमका विद्यार्थीहरू धेरै कम पाइन्छन् ।

मास्लोको उत्प्रेरणाको तह (hierarchy of motivation) अन्तर्गत उच्च शिक्षा प्रतिष्ठा वा आत्मसन्तुष्टिको आवश्यकता (Self-esteem need) अन्तर्गत पर्दछ । त्यसैकारण आत्मसन्तुष्टिका लागि अध्ययन गर्ने व्यक्तिले आवश्यकताका दृष्टिकोणले अधयरयन गर्नेहरूले भन्दा अपेक्षाकृत रूपमा कम प्रगति गर्दछन्, त्यसकारण पनि अध्ययनप्रतिको उत्प्रेरण कम हुन जान्छ र विद्यार्थीहरूको नतिजा कम हुन जान्छ । केका लागि एम.एड् गर्ने, राम्रो नतिजा आर्जन गर्नका लागि उत्प्रेरक (Motives) के हो ? रोजगारीको बजारमा काम, समाजमा नाम र खल्तीमा दाम वर्तमान शिक्षाले दिन सकेको छ त ? किन विद्यार्थी अध्ययनप्रति उत्प्रेरित हुने ? यो प्रश्न जटिल प्रश्न बनेको छ । जति राम्रो पाठ्यक्रम, पाठ्यपुस्तक

बनाए पनि जतिसुकै मेहनत गरेर अध्यापन गराए तापनि विद्यार्थीहरूमा आन्तरिक उत्प्रेरणाको विकास हुन सकेन भने सिकाइ हुँदैन । सिकाइ राम्रो भएन भने उपलब्धि कसरी राम्रो हुन्छ । शिक्षालाई जीवन उपयोगी र व्यावहारिक बनाउन सकियो भने विद्यार्थीहरूमा उत्प्रेरणाको विकास हुन्छ (कोइराला, २०७२) ।

## नतिजासँग जोडिएको लैङ्गिक, सामाजिक र संस्कृतिक पक्ष

एम.एड् तहमा अध्ययन गर्ने र परीक्षामा सहभागी हुने विद्यार्थीहरूमध्ये धेरै सङ्ख्यामा महिलाहरू रहेको पाइन्छ । पहुँचका दृष्टिकोणले उच्च शिक्षा (शिक्षाशास्त्र सङ्काय) मा महिलाको पहुँच बढी नै छ । नेपाल जस्तो पितृसत्ता (Patriarchy) भएको समाजमा एउटा महिलाले घर व्यवहारको काम सकेर अध्ययनमा लाग्नु वा क्याम्पस जानु र अध्ययनमा नियमित हुनु कठिन छ । नेपाल बहुभाषिक, बहुधार्मिक तथा बहुजातीय मुलुक भएकाले यस देशको सामाजिक रीतिरिवाज तथा धर्म संस्कृतिले पनि नेपाली महिलाको शैक्षिक सफलतामा महत्त्वपूर्ण भूमिका खेल्दछ । विभिन्न समुदायमा अझैसम्म प्रचलित बुर्का, छाउपडी प्रथाले कतिपय महिलाहरू नियमित अध्ययनबाट बञ्चित बन्नु परेको छ । महेन्द्र रत्न क्याम्पस ताहाचालमा सन्ध्याकालीन सत्रमा एम.एड् अध्ययन गर्ने कल्पना (नाम परिवर्तन) भन्दछिन् : *"दिनभरि निजी विद्यालयमा अध्यापन गऱ्यो, साँझ क्याम्पस गऱ्यो, घर फर्कदा ढिलो भयो भने श्रीमानले शंका गर्नुहुन्छ, सासु ससुराले पढ्न छोडिदिए हुन्छ भन्नु भएको छ"*। यस भनाइलाई आमूल महिलावादी दृष्टिकोण (radical feminism) का आधारमा विश्लेषण गर्दा विवाहित महिलालाई पितृसत्ताले पुरुषको यौन इच्छा पुरा गर्ने साधनको रूपमा मात्र लिन्छ। महिलामा भएको स्वज्ञान आर्जन गर्ने क्षमतलाई अस्वीकार गरी उनीहरूलाई बच्चा जन्माउने मेसिनको रूपमा मात्र लिइन्छ (गिडिन्स, सन् २००५) । तर उदार नारीवाद (Liberal feminism) ले हरेक मानवीय प्राणी बराबरी रूपमा बुद्धिमान (rational) हुन्छन् । महिला र पुरुषलाई समान अवसर दिएमा दुवैको समान उपलब्धि हुन सक्छ भन्दछन् (गिडिन्स २००५) ।

घरमा मात्र नभएर शिक्षण संस्थामा पनि महिलामैत्री वातावरण छैन । क्याम्पसमा पुरुष शिक्षकले अध्यापन गराउँदछन् । सानो कुरोमा पनि महिलालाई असहयोग तथा निरुत्साहित गर्न जस्ता पक्षले पनि महिला विद्यार्थीको उपलब्धि कम हुनु गएको हो । कैलाली टिकापुर घर भई हाल शिक्षाशास्त्र केन्द्रीय विभागमा दोस्रो सेमेस्टरमा अध्ययन गर्ने छात्र आफ्नो अनुभव सुनाउँछिन् : *एक दिन साथीसँग म्यासेन्जरमा लामो समय पढाइको बारेमा (अध्ययन गर्ने विषयवस्तुको बारेमा) छलफल गरेको आमाले को केटासँग बोलेकी, कोसँग तेरो हिमचिम बढेको छ भन्नु भयो । अर्कोतर्फ बुबाले म बस्ने कोठाको झ्यालबाट निग्रानी गर्नु भएको रहेछ*। मेरो दाइले त उसलाई (मैले कुरा गरेको केटा साथीलाई) नराम्रो शब्द प्रयोग गरी गाली गर्नुभयो" । यसबाट के प्रस्ट हुन्छ भने नेपाली समाजमा अझैं पनि छोरीहरूले अध्ययन गर्ने उद्देश्यले साँझमा कतै जान लागे पनि परिवारबाट कहाँ, किन, कोसँग भन्ने जस्ता प्रश्नहरू तेर्सन्छन् । नेपालमा छोरीको शिक्षाप्रति अझै पनि भेदभावको दृष्टि छ। समाजमा सामाजिक सुरक्षा पनि छैन । बलात्कार, महिला हिंसा जस्ता घटनाले सन्ध्याकालीन कक्षामा लामो समय महिला विद्यार्थीहरू बस्न नसकेका उदाहरणहरू छन् । परीक्षाको तयारीमा रहँदा पनि एउटा आदर्श छोरी बुहारीले निर्वाह गर्ने भूमिका महिलाले नगरी हुँदैन त्यसैले महिलाको शैक्षिक नतिजा कम हुन जाने तथ्य भट्ट (२०६८) उल्लेख गर्दछन् । घरबाहिर गरिने श्रमको मूल्य हुने तर घरभित्र गरिने श्रम (जस्तै : बालबच्चाको स्याहारसुसार, भन्छा र करेसाबारीको काम, वृद्धहरूको हेरचाह आदि) को मूल्य हुँदैन र त्यस्ता काममा महिला संलग्न हुने भएकाले न त उनीहरूले कमाएर ल्याउने पुरुस सोसरह सम्मान पाउँछन् न त उनीहरूको प्रगति नै हुन्छ ।

नतिजासँग जोडिएको अर्को पक्ष भनेको सांस्कृतिक पक्ष पनि हो । परीक्षा भाद्र महिनामा भयो । आषाढ र श्रावण महिनामा खेतीपाती लगाएर थाकेको ज्यान भाद्र महिनामा अधिकांश नेपाली हिन्दु महिलाहरूले मनाउने तिज तथा गौरा जस्ता पर्व पर्ने र यसले नतिजालाई असर परेको पाइन्छ । यस तहको परीक्षा पनि तिजको बिचमा परेको हुँदा कतिपय महिलाको ध्यान अध्ययनमा भन्दा अन्य चाड पर्वतर्फ आकृष्ट भएर त नतिजा कमजोर बन्न गएको होइन । यो खोजको विषय बन्न गएको छ । परीक्षा सञ्चालन गर्ने उपयुक्त समयका सम्बन्धमा लिन र मिलर (२००९) लेख्दछन् : राष्ट्रिय स्तरका ठुला चाडपर्व, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका ठुला ठुला खेलकुद हुँदा परीक्षाको तालिका तयार गरिनु हुँदैन । अघिल्लो वर्षको सेमेस्टरको परीक्षा (शिक्षातर्फको) दशै बिदा हुनुभन्दा दुई दिन अगाडि सकिएको थियो । बिहानभरि घर जाने बसको टिकट लिन लाइनमा बसेर दिनमा परीक्षा दिन आउने विद्यार्थीहरू पनि थिए । यसबाट के प्रस्ट हुन्छ भने हाम्रो परीक्षा सञ्चालन गर्ने उपयुक्त समयका सम्बन्धमा पनि ध्यान दिनु पर्ने देखिन्छ ।

### प्रवेश परीक्षा नाममात्रको भयो कि ?

एम.एड तहमा भर्ना हुन आउने विद्यार्थीहरू नेपालका विभिन्न विश्वविद्यलायबाट बी. एड गरेका (धेरै त्रि.वि.बाट र केही अन्य विश्व विद्यालयबाट) हुन्छन् । अब प्रश्न उठ्छ विश्वविद्यालयलाई आफैले दिएको स्नातक तहको प्रमाणपत्रप्रति विश्वास छैन । कि त दार्शनिक सोच विचार र चिन्तनमा परिवर्तन गर्नुपऱ्यो, उच्च शिक्षा सबैका लागि होइन छनोट भएका लागि मात्र हो भन्न सक्नुपऱ्यो । सबैका लागि हो भने एम.एड भर्ना हुनाका लागि किन नाममात्रको प्रवेश परीक्षाको आवश्यकता ? जब कि प्रवेश परीक्षामा न्यूनतम ३-४ अङ्क ल्याउने विद्यार्थीलाई पनि भर्ना नै गर्नु छ भने यसको आवश्यकता र औचित्य के ? अर्कोतर्फ विभिन्न समूहको दबाबमा पटक पटक प्रवेश परीक्षा लिने पद्धतिले गुणस्तरीय नतिजालाई असर पारेको त छैन ? हामीहरूले सञ्चालन गरको प्रवेश परीक्षा वस्तुनिष्ठ र व्यावहारिक बन्न सक्यो ? इन्ट्रान्स परीक्षामा राम्रो गर्ने, सफल हुने विद्यार्थीले सेमेस्टरको अन्तिममा परीक्षामा राम्रो गर्न नसक्नाको कारण के हो ? प्रवेश परीक्षाको र सेमेस्टरको अन्तिम परीक्षाबिच समवर्ति वैधता नभएर त होइन । इन्ट्रान्समा आरक्षण, जागिरमा आरक्षण त्यसो भए उत्तीर्ण हुने कुरामा आरक्षण दिने कि नदिने बहसको अर्को विषय बनेको छ ।

### लगानी र नतिजाको सम्बन्ध

लगानी, प्रक्रिया र उत्पादन शिक्षा प्रणालीका तिन महत्त्वपूर्ण पक्ष हुन् । राम्रो शैक्षिक उत्पादनमा राम्रो लगानी र राम्रो प्रक्रिया आवश्यक हुन्छ एलेक्जेन्डर र सेलर (१९७१) का अनुसार शिक्षा प्रणालीमा लगानी भन्नाले उद्देश्य, विषयवस्तु, शैक्षिक सामग्री, भौतिक सुविधा, शिक्षक, विद्यार्थीहरू, प्रशासनिक कर्मचारीहरू पर्दछन् । अब प्रश्न उठ्दछ एम. एड तह अध्यापन गराउने त्रि.वि.का आङ्गिक तथा सम्बन्धन प्राप्त शिक्षण संस्थाहरू भौतिक रूपमा सुविधा सम्पन्न, सुरक्षित र स्रोत साधनका दृष्टिकोणले पहुँचयोग्य छन् त ? सेमेस्टर प्रणालीको दर्शन, मूल्य मान्यताअनुसारको शिक्षण सिकाइ घोकन्तेबाट खोजन्तेतर्फ उन्मुख भएको छ त ? एम. एड कार्यक्रम सञ्चालन गर्ने अनुमति दिँदा आवश्यकताको विश्लेषण सहीरूपमा गरी उपयुक्त पूर्वाधार पुगेको ठाउँमा अनुमति दिइएको छ त ? हरेक विषय अध्यापन गराउने प्राध्यापक विषयगत रूपमा विज्ञ छन् र उनीहरूको विज्ञता कक्षाकोठामा रुपान्तरण भएको छ त ? शैक्षिक सामग्रीको रूपमा पाठ्यपुस्तक, सन्दर्भ पुस्तकहरू र अन्य विभिन्न किसिमका अध्ययन सामग्री विद्यार्थीको पहुँचमा छन् वा छैनन् ? प्रकाशन भएका सामग्रीहरू गुणस्तरीय छन् त ? यो गहन विषय बनेको छ । कतिपय दुरदराजमा

रहेका क्याम्पसमा अध्ययन गर्ने विद्यार्थीहरूले पाठ्यक्रममा उल्लेख गरिएका पुस्तकहरू प्राप्त गरेका छन् वा छैनन् र ती प्राप्त अध्ययन सामग्रीको गुणस्तर कस्तो छ ? यो पनि अर्को अध्ययनको विषय बन्न गएको छ । विद्यार्थीहरूको मानसिकतामा पनि परिवर्तन हुन आवश्यक छ । म एम.एड्को प्रमाणपत्रधारी व्यक्ति बन्नुभन्दा पनि ज्ञान र सिपले निपूर्ण व्यक्ति बन्नुपर्दछ भन्ने सोच उनीहरूमा विकास हुनुपर्दछ । यस किसिमको मानसिकता विद्यार्थीहरूमा विकास भयो भने उनीहरूको सिकाइ सक्रियता बढेर जान्छ ।

हरेक व्यक्तिले आफ्नो पेशागत धर्म निर्वाह गर्न सक्नुपर्दछ । भौतिकशास्त्रका दृष्टिकोणबाट हेर्दा धर्म भनेको वस्तु वा व्यक्तिमा निहित गुण हो (किरण, २०६७) । जसरी पिरो हुनु खुर्सानीको धर्म हो, पोल्नु आगोको धर्म हो । पिरो भएन भने खुर्सानीको धर्म हुँदैन, पोलेन भने आगोको महत्त्व हुँदैन । त्यसैगरी शिक्षण पेशालाई कर्म र धर्म नसम्झने प्राध्यापक, अध्ययनमा भन्दा अनेत्र ध्यान दिने र परीक्षामा चिट सारेर उत्तीर्ण हुन खोज्ने विद्यार्थीहरू र रहेक कुरामा राम्राभन्दा पनि हाम्रो मान्छे खोज्ने क्याम्पस प्रमुख वा विभागीय प्रमुखले पेशागत धर्म निर्वाह गर्न सक्दैनन् । प्राध्यापक, विद्यार्थीहरू र प्रशासकले आफ्नो धर्म निर्वाह नगरेर पनि नतिजा बिग्रेको हो । आंशिक रूपमा कार्यरत प्राध्यापकको पेशागत सुरक्षाको कारणले पनि विद्यार्थीको नतिजा प्रभावित भएको हुनुपर्दछ । आंशिक रूपमा कार्यरत शिक्षकहरूले पटक पटक आन्दोलन गर्नु परेको अवस्था छ । आधा पेट खएर कति दिन काम गर्ने ? त्यसो भए आवश्यक जनशक्ति व्यवस्थापनतर्फ ध्यान दिने कि ? पुरा कामका लागि पुरा दाम दिनुपर्दछ कि ? अर्कोतर्फ स्थायी सबै पेशाप्रति कर्तव्यपरायण छन् भन्ने होइन, तर एउटा बिरामी तलमाथि हुँदा डक्टर नैतिक रूपमा जिम्मेवार हुनुपर्दछ भने एउटा विद्यार्थीको सिकाइ समस्या समयमा नै पहिचान गरी तिम्रा यी यी कमजोरी छन् यी यी पक्षमा सुधार गर्दा तिम्रो शैक्षिक प्रगति हुन्छ अन्यथा हुँदैन भन्ने कि ?

शैक्षिक प्रक्रियाअन्तर्गत शिक्षण सिकाइ क्रियाकलाप, समय र कार्यहरू, विद्यार्थीका क्रियाकलापहरू आदि पक्ष पर्दछन् । उच्च शिक्षामा प्राध्यापन गर्ने शिक्षक ज्ञानको हस्तान्तरकभन्दा ज्ञानको अन्वेषक बन्नु पर्दछ । विद्यार्थीलाई घोकाउनबाट सोचाउन र खोजाउनेतर्फ उन्मुख हुनुपर्दछ । तर हामीहरू पाउले फेरे (सन् १९७१) ले भनेझैं शिक्षाको बैङ्किङ अवधारणाबाट बाहिर जान सकेनौं । शिक्षकले नपढाएसम्म विद्यार्थीहरू अध्ययन नगर्ने, कक्षामा नियमित नहुने जस्ता समस्याहरू देखिएका छन् । हामी प्राध्यापकहरू विद्यार्थीहरूको सिकाइप्रति जिम्मेवारभन्दा पनि कोर्स पुरा गर्ने ठेकेदार मात्र पो भयौं कि ? त्यसतर्फ पनि सोच्नुपर्दछ । त्रिविको सेमेस्टर प्रणालीमा अध्ययन गर्दैगर्दा शिक्षण सिकाइ प्रक्रियलाई विभिन्न पक्षले प्रभाव परेको पाइयो । विशेषगरी नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले गर्ने निर्णयहरू शिक्षशास्त्रका विद्यार्थीहरूको अहित हुने प्रकृतिका भएर पनि विद्यार्थीको ध्यान नियमित रूपमा अध्ययनमा भन्दा, विषयगत र पेशागत सुरक्षाको निमित्त आदोलन गर्न जानुपर्ने अवस्था सिर्जना भएको पाइन्छ । शिक्षाशास्त्र केन्द्रीय विभागलगायत काठमाडौंमा रहेका विभिन्न क्याम्पसका विद्यार्थीहरू अध्यापन अनुमति पत्र, शिक्षक सेवा आयोगको विज्ञापन जस्ता विभिन्न विषयमा पटक पटक आन्दोलित भएका थिए । यसले पनि विद्यार्थीको शैक्षिक प्रगतिमा केही हदसम्म समस्या सिर्जना गरेको छ । तसर्थ शिक्षाशास्त्रलाई हेर्ने नेपाल सरकारको नीतिगत स्पष्टताको आवश्यकता छ ।

**आन्तरिक मूल्याङ्कन नाममात्रको भयो कि ?**

हालको व्यवस्थाअनुसार एम.एड् को सेमेस्टरमा ४० प्रतिशत आन्तरिक र ६०% बाह्य मूल्याङ्कनको व्यवस्था छ । आन्तरिक मूल्याङ्कनमा तिनवटा assignment (१०/१०) पूर्णाङ्कको लिने व्यवस्था छ । ५ अङ्क विद्यार्थीको नियमिततालाई र ५ अङक विद्यार्थीहरूको सिकाइ सहभागितालाई छुट्याइएको छ । १० अङ्कका तिनवटा आन्तरिक एसाइनमेन्टले विद्यार्थीको शैक्षिक प्रगति पहिचान गरी पृष्ठपोषण (feedback) दिँदै सिकाइमा सुधार गर्नेतर्फ उन्मुख गराउने र शिक्षणलाई उपचारात्मक शिक्षण (remedial teaching) तर्फ लैजाने पक्षलाई जनाउँछ (म्याक मिलयिन, सन् २०१८) । तर हामीहरूले विद्यार्थीलाई भर्ना गर आन्तरिक अङ्क मिलाउँला भनेर छनोट गरिएका विद्यार्थीहरू (selected students) भन्दा संकलन गरिएका विद्यार्थी (collected students) जम्मा गऱ्यौं कि त । वस्तुगत परीक्षाको सहायताबाट आन्तरिक लेखाजोखा गरियो, यो गलत हो । आन्तरिक लेखाजोखाले के सिके (Product) भन्दा पनि कसरी सिकेका छन् (Process) को लेखाजोखा गर्नुपर्दछ (ब्रोकहार्ट र म्याकमिलन सन् २०१९) निरन्तर पृष्ठपोषण दिनुपर्दछ । विद्यार्थीको सिकाइको स्तर पहिचान गर्नुपर्दछ । पृष्ठपोषण दिनुपर्दछ । सिकाइका रूपमा आँकलन र सिकाइका निमित्त आँकलन (assessment as learning and assessment for learning) हुन पर्ने हो (म्याकमिलन, सन् २०१८) । तर हामीहरूले आन्तरिक मूल्याङ्कनलाई व्यवस्थित बनाउन सकेनौँ । मैले के सिक्न सकेँ र के सिक्न सकिनँ भनेर विद्यार्थीले पनि सोचेनन् र शिक्षकले पनि धेरै अङ्क दिएर विद्यार्थीहरूलाई खुशी त बनायौँ तर कतिपय विद्यार्थीहरू कक्षामा नियमित नभएर पनि आन्तरिक मूल्याङ्कनमा सहभागी नभए पनि अङ्क दियौँ । आन्तरिक आँकलन सिकाइको सुधारको निमित्त हो, यो शिक्षण सिकाइको अभिन्न अङ्ग हो भन्ने भावनाको विकास शिक्षक र विद्यार्थीहरूमा हुन सकेन । विद्यार्थीहरू जसरी पनि धेरै अङ्क पाए हुन्छ भन्ने मानसिकताबाट र शिक्षकहरू जसरी पनि जागिर पकाउन पाए हुन्छ भन्ने मानसिकताबाट माथि उठ्न सकेनन् । आन्तरिक मूल्याङ्कन शिक्षकका लागि विद्यार्थीलाई डर देखाउने माध्यम बन्यो, क्याम्पस प्रशासकलाई शुल्क उठाउने माध्यम बन्यो भने विद्यार्थीलाई ग्रेड वृद्धि गराउने माध्यम मात्र बन्यो । शैक्षिक प्रक्रियामा सुधार ल्याउने माध्यमका रूपमा आन्तरिक मूल्याङ्कनलाई प्रयोग गर्न सकिएन । यदि यो तर्कसँग असमत हुने हो भने आन्तरीक परक्षामा ३० देखि ३८ अङ्कसम्म पाएका विद्यार्थीहरूले बाह्य परीक्षामा किन त्यही अनुपातमा अङ्क प्राप्त गर्न सक्दैनन् त ? सबै विद्यार्थीको त भन्न सकिँदैन तर धेरै विद्यार्थीहरूको आन्तरिक परीक्षा र बाह्य परीक्षाको प्राप्ताङ्कबिच सन्तुलन कायम हुनुपर्ने होइन । आन्तरिक परीक्षाको प्राप्ताङ्क र अन्तिम परीक्षाको प्राप्ताङ्कबिच सहसम्बनध कायम हुनु नसक्नुमा म प्राध्यापकको दोष देख्दछु । क्याम्पस प्रशासनले अङ्क प्रमाणित गर्नुको अभिप्राय मेरो विद्यार्थीको अवस्था यस्तो छ है भनी प्रमाणीकरण गर्नु हो । काम नगरीकन अङ्क खोज्नु विद्यार्थीको दोष हो भने काम नगर्ने विद्यार्थीलाई अङ्क दिनु शिक्षकको दोष हो । यी दुवै दोषीका कारण नतिजा बिग्रेको हो ।

## पाठ्यक्रम र नतिजाको सम्बन्ध

विद्यार्थीको नतिजा र पाठ्यक्रमबिचको सम्बन्ध रहेको छ । हालको सेमेस्टर प्रणाली (शिक्षातर्फ) पाठ्यक्रम ३ क्रेडिट को छ । १ क्रेडिट भनेको १६ घण्टा हो । जम्मा ४८ घण्टामा पाठ्यक्रम पुरा गर्नुपर्दछ । के हाम्रो पाठ्यक्रम ४८ घण्टामा पुरा गर्न सक्ने प्रकृतिको छ, विषयवस्तु समसामयिक, उपयुक्त र व्यावहारिक छन्, यो खोजको विषय बनेको छ । हामीहरूले पाठ्यक्रममा समतलीय तथा लम्बीय सम्बन्ध कायम गर्न सकेका छौँ ? तल्लो तहमा अध्ययन गरेको विषयवस्तुको माथिल्लो तहमा अध्ययन गर्न सहयोग गरेको छ ? समयको सही व्यवस्थापन गरी निर्धारित समयमा पाठ्यक्रमलाई कार्यान्वयनमा ल्याएका छौँ ? यो सोचनीय

विषय बनेको छ । शिक्षणमा निरन्तरता नहुनु, शिक्षकलाई फुर्सद हुँदा एकै दिनमा धेरै विषयवस्तु व्यख्यान विधिको प्रयोग गरी शिक्षण गर्दा सम्बन्धित विषयवस्तुको क्षेत्रमा विद्यार्थीको पूर्ण ज्ञानको विकास नभएको कारण उपलब्धिमा समस्या आएको त होइन ? यो अर्को खोजको विषय बन्न गएको छ, हामी प्राध्यापकले त्यसतर्फ ध्यान दिनुपर्दछ । विभागीय प्रमुख, क्याम्पस प्रमुख, शिक्षाध्यक्षले प्राध्यापकको कार्यसम्पादन मूल्याङ्कन गर्दा विद्यार्थीको उपलब्धिलाई पनि ध्यान दिनुपर्दछ । त्यसो भयो भने अमेरिकाले सन् १९८१ मा कार्यान्वयनमा ल्याएको हाइस्टेक टेटिङ, शिक्षामा पनि कार्यान्वनयमा आउन सक्छ कि ? तर हाम्रोमा आस्थाका आधारमा विद्यार्थीको र शिक्षकको कार्यदक्षता मूल्याङ्कन गर्ने प्रचलन बढेर गएको छ । त्यसो भए त्रिविका पदाधिकारी प्राज्ञिक बन्ने कि राजनीतिज्ञ यो सोचनीय विषय बन्न गएको छ । तल्लो तह र माथिल्लो तहबिचको पाठ्यक्रमको चक्रीय सम्बन्ध कस्तो रह्यो त्यसतर्फ ध्यान दिने कि । हरेक विषयका विषय समितिहरू छन् । विषय समितिले आफ्नो विषय समितिअन्तर्गत पर्ने विषयहरूमा सुधार ल्याउन तालिम, सेमिनार, गोष्ठीको आयोजना गरेनौं कि ? सेमेस्टरको अन्तिम परीक्षा केन्द्रीकृत छ । पाठ्यक्रमको कार्यान्वयन कसरी भएको छ ? प्रत्येक क्याम्पसमा अध्यापन गराउने शिक्षकले पाठ्यक्रम कार्यान्वयनबाट फरक फरक तरिकाले गरियो कि ? कतिपय विषयवस्तुमा व्यापक र वृहत् रूपमा शिक्षण गरिएन कि ? त्यसतर्फ सम्बन्धित डीन कार्यालय, विषय समिति र विषय शिक्षकले ध्यान दिनुपर्दछ । महेन्द्ररत्न क्याम्पस ताहाचलमा एम.एड्. तहमा शिक्षा आधार विषय पढाउने शिक्षकले हालको समस्याको कारण एकरूपतामा अभाव हो भनेका छन् । त्यसो भए सम्बन्धित विषय समिति बढी जिम्मेवार बन्ने कि ? सम्बन्धित विषय समितिले आफ्नो विषयमा, अध्ययन गर्नु पर्ने विषयवस्तुको भिडियो बनाई प्रविधिसँग समायोजन गरेर नियमित नहुने विद्यार्थीलाई वा कुनै कारणले कक्षा छुट्दा भिडियो हेरेर पनि पाठ्यक्रमका क्रियाकलाप पुरा गर्ने अवसर उपलब्ध गराएमा अपेक्षा गरेअनुसारको सिकाइ उपलब्धि हाँसिल हुन सक्छ भन्ने मेरो दृष्टिकोण हो ।

पाठ्यक्रमको कार्यान्वयन गर्दा पावर प्वाइन्टमा स्लाइड बनाएर कक्षामा विद्यार्थीहरूमाझ प्रस्तुत गर्दा सबै समस्याको समाधान हुन्छ, आधुनिक शिक्षण विधि भनेको पावर प्वाइन्ट देखाउन सक्नु हो भन्ने मान्यता हामी शिक्षकमा रह्यो । तर पोजेक्टर, पावर प्वाइन्ट साधन हो कि साध्य हो भन्नेतर्फ ध्यान दिएनौं । "पावर प्वाइन्टको प्रयोग भयो, ठगले कक्षा सक्यो" भन्ने विद्यार्थीको गुनासोतर्फ ध्यान दिएनौं । एकोहोरो कोर्स सक्नुलाई नै आफ्नो कर्तव्य ठान्यौं, त्यसैले समस्या सिर्जना गरेको हो भन्ने मेरो ठम्याइ हो । उच्च शिक्षामा हाम्रो शिक्षण पेडागोजीमा मात्र सीमित रह्यो । हामीले हाम्रो शिक्षण विधिलाई पेडागोजीबाट एन्ड्रागोजी, हिउटागोजी (Heutageoty) तर्फ उन्मुख गराउन सकेनौं । त्यसकारणले पनि नतिजा कमजोर भएको हो भन्ने मेरो तर्क रहेको छ । तसर्थ शिक्षणको सोच वा चिन्तनमा परिवर्तन गर्नुपर्दछ । शिक्षकमा भएको Pedagogical content knowledge (PCK) लाई प्रविधिसँग जोडेर (Technological Pedagogical Content Knowledge (TPCK) मा रूपान्तरण गरी उच्च शिक्षणको सोचमा (Padagogy) बाट Htagogy / Academagogical तर्फ उन्मुख हुन आवश्यक छ । उच्च शिक्षामा TPCK अभिन्न अङ्ग बनाउनुपर्दछ ।

प्रश्नपत्र र उत्तरपुस्तिका परीक्षण र नतिजा प्रकाशन सेमेस्टरको अन्तिम परीक्षा (६० पूर्णाङ्कको परीक्षा) हालको व्यवस्थाअनुसार डीन कार्यालयले सञ्चालन गर्दछ । सेमेस्टरको मान्यताअनुसार सामान्यतय परीक्षा

सञ्चालन भएको एक महिनादेखि डेढ महिनाभित्रमा परीक्षाको नतिजा प्रकाशन हुनुपर्दछ । मनोवैज्ञानिक दृष्टिकोणबाट हेर्दा पनि समयमा नै नतिजाको बोध हुनुपर्दछ । तर हाम्रो परीक्षा प्रणाली केन्द्रीकृत छ । विराटनगर र घनगढीको उत्तरपुस्तिका संकलन गरेर काठमाडौं ल्याइन्छ फेरि काठमाडौँबाट विराटनगर र धनगढी नै परीक्षणका लागि पुर्‍याइन्छ । यसले गर्दा परीक्षाको नतिजा प्रकाशनमा ढिलाइ भयो । समयमा नै विद्यार्थीहरूलाई पृष्ठपोषण दिन सकिएन । अर्कोतर्फ परीक्षा नियन्त्रण कार्यालयका क्षेत्रीय कार्यालयमा उत्तरपुस्तिका परीक्षण गराई प्राप्ताङ्क गोप्य रूपमा केन्द्रीय तहमा पुर्‍याउने कार्य गर्दा के फरक पर्छ ? मोफसलका प्राध्यापकलाई पढाउन विश्वास गर्ने तर उत्तरपुस्तिका परीक्षणमा विश्वास नगर्ने ? अर्को उपाय उत्तरको रुब्रिक्स तयार गरी शिक्षकलाई पठाउने र त्यही वरिपरिको क्याम्पस क्याम्पसबिचका शिक्षकहरूको बिचमा रोस्टर तयार गरी उनीहरूको विषयगत योग्यता, अनुभव र कार्यदक्षताको आधारमा उत्तरपुस्तिका परीक्षण गर्ने अवसर दिएर, केन्द्रमा प्राप्ताङ्क र उत्तरपुस्तिका ल्याउने र सही काम नगरेमा दोहोर्‍याएर अवसर नदिने कि ? तर हाल उत्तरपुस्तिका शिक्षकलाई वितरण गर्दा विषयगत शिक्षकको रोस्टर तयार गर्ने र त्यसका आधारमा अध्यापन गराउने शिक्षकलाई दिनेभन्दा पनि प्रशासकीय नेतृत्वमा रहने व्यक्तिले चिनजानको मान्छेलाई गुन लगाउने नाममा कतै गलत काम त गरेका छैनन् ? त्यो सोचनीय विषय बनेको छ ।

प्रश्नपत्रको विश्वसनीयता र यसको विषयगत वैधता प्राप्ताङ्को नतिजा कम हुनुको मुख्य कारण हो । हाल विद्यार्थीहरूलाई कुन उद्देश्य राखेर शिक्षण गरिएको थियो र परीक्षणको उद्देश्य के छ भन्ने पक्षमा विश्लेषण गरी प्राश्निकले प्रश्नपत्र निर्माण नगर्ने र आधिकारिक पाठ्यपुस्तक अध्ययन नगर्ने समस्याले गर्दा नतिजामा समस्या देखिएको हो । विषयवस्तुको व्यापकता र गहिराइ कति छ, के के पढाइ भएको छ ? कुन कुन प्रश्नहरूले विषयगत वैधता कायम गरेका छन् ? देशका सबै क्याम्पसमा कति व्यापक र गहिराइमा गएर अधययन भएको छ ? भन्ने कुरातर्फ ध्यान नदिनाले समस्या सिर्जना भएको छ । कतिपय विषयको प्रश्नपत्रमा विषयगत वैधता नभएकाले विद्यार्थीहरूले सोचेअनुसारको प्रगति गर्न नसकेका हुन् । अर्कोतर्फ विषय समितिमा रहने तर त्यो विषय कक्षामा अध्यापन नगराउने व्यक्ति प्राध्यापक भए तापनि परीक्षाको काममा संलग्न हुनु हुँदैन भन्ने मान्यता हो मेरो । तर जुन विषयको उत्तरपुस्तिका पाए पनि हात थाप्ने हामी प्राध्यापकहरू र उत्तरपुस्तिका उपलब्ध गराउने प्रशासकको कारणले सही मूल्याङ्कन हुन नसकेर समस्या भएको हो, बेलैमा सोचौँ । विषयगत विज्ञता र अध्यापनको अनुभवको आधारमा रोस्टर बनाई कक्षामा पढाउने शिक्षकलाई मात्र उत्तरपुस्तिका परीक्षण गर्न दिनुपर्दछ । विद्यार्थीहरू पनि गर र सिक भनेको कार्य गर्न र सिक्नबाट पछि पर्नु हुँदैन । त्यसो भयो भने मात्र नतिजामा सुधार गर्न सकिन्छ । प्रश्नपत्रमा प्रविधिक शुद्धता, विषयगत वैधता, वस्तुनिष्ठता, उत्तरपुस्तिका परीक्षणमा अन्तरपरीक्षक विधि परीक्षाको नतिजामा सुधार गर्ने उपाय हुन् । तर प्राश्निकले आफूखुशी प्रश्नपत्र तयार गर्नु, प्रश्नपत्र तयार गर्दा विशिष्टीकरण तालिका अनुशरण नगर्नु, कठिन प्रश्न बनाउँदा आफू अब्बल शिक्षक भइन्छ भन्ने मान्यता राख्नु नै वर्तमान नतिजाका कारक हुन् ।" यसतर्फ सम्बन्धित विषय समितिको ध्यान पुगोस् ।

## निष्कर्ष

यसरी माथि उल्लेख गरिएका विभिन्न तथ्यहरू वा सुझावहरूले केही हदसम्म त्रि.वि. शिक्षाशास्त्र संकायको नतिजामा सुधार ल्याउन सकिएला । जबसम्म अध्यापन गराउने प्राध्यापक, अध्ययन गर्ने विद्यार्थीहरूको मानसिकतामा परिवर्तन गरी सबैले मेरो जिम्मेवारी, मेरो उत्तरदायित्व र मैले गर्नु पर्ने कार्य यो हो भनेर परिवर्तन गर्न सकिन्छ तब केही हदमा सुधारात्मक नतिजाको अपेक्षा गर्न सकिन्छ । त्यसकारण गिडिन्स (२००५) ले भने झैं संरचनामा परिवर्तन हुँदैमा त्यसका अवयवहरूमा परिवर्तन भएन भने राम्रो नतिजाको अपेक्षा गर्नु मृगतृष्णा मात्र हुनेछ भन्ने मेरो ठहर हो । शिक्षण संस्थाको भौतिक संरचनामा सुधारदेखि परीक्षा प्रणालीा सुधार गर्नु र सेमेस्टरमा अध्ययन गर्ने विद्यार्थीहरूको सिकाइ र आँकलन (Assessment) लाई अभिन्न अङ्ग बनाई सिकाइ समस्याहरूको पहिचान गरी विद्यार्थीहरूलाई पृष्ठपोषण दिन नसक्नु नै न्यून नतिजाको मुख्य कारण हो । त्यसकारण हाम्रो सोच, विचार र चिन्तनमा परिवर्तन हुन आवश्यक छ । ऐसिस्मेन्टलाई assessment of learning बाट assessment for learning / assessment as learning को रूपमा रूपान्तरण गर्नुपर्ने हुन्छ ।

## सन्दर्भ सामग्री


Brookhart, S.M. and McMillan, J.H. (2020). *Classroom assessment and educational measurement.* New York: NCME.

Biddens, A. (2006). *Sociology (5th ed*) Delhi: A.I.T.B.S. Publication.

Freirc, P. (1971*). Pedagogy of the oppressed*. London: Pengu in Group.

Giddens, A. (2006). *Sociology*. New Delhi: A.I.T.B.S publication.

Hurlock, E.B. (2006). *Developmental Psychology: A Life span approach (5th ed.).* New Delhi: Tata Mc Graw Hill Publishing company Limited.

Linn, R.L. and Miller, M.D. (2009). *Measurement and assessment in teaching.* New Delhi: Person, Prentice Hall .

McMillan (2013). *Sage hand book of research on classroom assessment*. New York: Sage publication.

Mc. Millan (2018).*Classroom assessment: principles and practice that enhance students learning and motivation (7th ed).* New York: Sage publication.

अधिकारी, देवराज (२०७१), *त्रि.वि.मा सेमेस्टर प्रणालीका चुनौती एवम् अवसरहरू,* त्रि.वि. विशेषाङ्क २०७१, काठमाडौँ : त्रि.वि. सूचना शाखा, कीर्तिपुर ।

किरण, मोहन वैद्य (२०६७), *मार्क्सवादी दर्शन,* काठमाडौँ : प्रगतिशील अध्ययन केन्द्र ।

कोइराला, विद्यानाथ (२०७२), *शिक्षामा सोचान्तरण,* काठमाडौँ : माइलस्टोन प्रकाशन तथा प्रसारण लि.।

खनाल, राजेन्द्र (२०७६), *सेमेस्टर प्रणालीको आन्तरिक मूल्याङ्कनप्रति विद्यार्थी दृष्टिकोण,* Educaiton Quarterly, Vol.3, No. 1 July 2019. काठमाडौँ : शिक्षाशास्त्र सङ्काय डीनको कार्यालय ।

पौडेल, लालुप्रसाद (२०७५), *सेमेस्टर प्रणालीको कार्यान्वयन र यसका सकारात्मक पक्षहरू,* त्रिभुवन विश्वविद्यालय, ५९ औँ वार्षिक दिवस विशेषाङ्क - २०७५, काठमाडौँ : त्रि.वि., सूचना शाखा, कीर्तिपुर ।

भट्ट, प्रमोद (सम्पा.), (२०६८), *उच्च शिक्षामा सहभागिता : असमानताका सामाजिक आयाम,* काठमाडौँ : मार्टिन चौतारी ।

शर्मा, गोपीनाथ (२०६९), *नेपालमा शिक्षाको इतिहास, भाग १,* काठमाडौँ : मकालु प्रकाशन गृह ।

श्री ५ को सरकार, शिक्षा मन्त्रालय (२०२८), *राष्ट्रिय शिक्षा पद्धति (२०२८-२०३२) सम्मको योजना,* काठमाडौँ : स्वयम् ।